आज मिति २०७५ साल षौष ०९ गते सोमबारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति, प्रस्ताव तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | अनुपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **<u>कार्यकारीणी सदस्यहरु</u>** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| का.वा. अध्यक्ष व्यास १३ | श्री एकराज तिवारी | उपस्थित |
| उपसचिव | श्री अम्बिकाप्रसाद आचार्य | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमारकन्चन जि.सी. | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मुल | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

**<u>प्रस्तावहरु</u>**

(१) मादी नदीमा बहुउद्देश्यीय कृतिम ताल निर्माण सम्बन्धमा
(२) विभिन्न विद्यालयहरुको प्र.अ. नियुक्ति सम्बन्धमा
(३) विद्यालयहरुका गुरुयोजना स्वीकृत गर्ने सम्बन्धमा ।
(४) निशुल्क स्वास्थ्य शिविर संचालन गर्ने सम्बन्धमा ।
(५) बिरामीहरुको खाना आपूर्तिको खरिद प्रकृया सम्बन्धमा ।
(६) नगर पुस्तकालय केन्द्र स्थापना तथा कार्यालयका स्तान्तरण सम्बन्धमा ।
(७) सेवा निवृत्त कर्मचारीको सेवा सुविधा भुक्तानी सम्बनन्धमा ।
(८) कानूनी साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्बन्धमा ।

(९) विपद् व्यवस्थापन तालिमसँग सम्बन्धित सामग्रीहरु खरिद गर्ने सम्बन्धमा ।
(१०) कालिका मार्गको (व्यास ७ र ८) स्तरोन्नतिको लागि आयोजना माग सम्बन्धमा ।
(११) पसल कवलहरु डाँक बढाबढको माध्यमद्वारा प्रतिस्पर्धा गराई भाडा लगाउने सम्बन्धमा ।
(१२) करङ्गकाठको बसपार्क ठेक्कामा लगाउने सम्बन्धमा ।
(१३) मासिक सवारी पार्किङ्ग शुल्क निर्धारण सम्बन्धमा ।
(१४) योजनाहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
(१५) आयूर्वेद औषधालयहरुको लागि औषधी खरिद सम्बन्धमा
(१६) वार्षिक खरिद योजना अनुमोदन सम्बन्धमा ।
(१७) विद्युत आपूर्ती गर्न ट्रान्सफर्मर खरिद गर्ने सम्बन्धमा ।
(१८) सडक बोर्ड नेपालबाट स्वीकृत भएको योजनामा नपुग भएको रकम थप गर्ने सम्बन्धमा ।
(१९) वेरुजु फर्छ्यौट सम्बन्धमा ।
(२०) वडा नं.९ को वडा कार्यालय भवन निर्माणको लागि जग्गा खरिद सम्बन्धमा ।
(२१)वडा नं.१ को वडा कार्यालय भवन निर्माणको लागि जग्गा खरिद सम्बन्धमा ।
(२२) घर नक्शापास दस्तुर एवं नक्शा पास सुपरभिजन सम्बन्धमा ।
(२३) भवन निर्माणमा दण्ड जरिवाना सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रमा समेत वहाव क्षेत्र भई बगिरहेको मादी नदीले नदी किनाराका जग्गाहरु कटान गरी ठूलो भू-भाग ओगटी बगरको रुपमा परिणत गरिरहेको परिप्रेक्ष्यमा यस नगरपालिकाको वडाहरु क्रमश: ३, ४, ५, ६, ७ र १० अन्तर्गत वाहव क्षेत्र रहेको मादी नदीलाई नियन्त्रण समेत गर्ने गरी तट्बन्धन निर्माण गर्नुका साथै उपयुक्त स्थानमा बाँध निर्माण गरी वहुउद्देश्यीय कृतिम ताल निर्माण गर्ने तथा अन्य विभिन्न सम्भावनाहरुको खोजी गर्ने उद्देश्यले यस नगरपालिका समेतको सह-लगानीमा सम्भाव्यता अध्ययन गर्नका लागि गण्डकी प्रदेश सरकार- वन, उद्योग तथा पर्यटन मन्त्रालयसँग सहकार्य गरी आवश्यक प्रकृया अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका अन्तर्गतका निम्न लिखित विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएका प्रधान अध्यापकहरुको अनुमोदन गरी व्यास नगर शिक्षा नियमावली अनुसार ३ वर्षे करार सम्झौता गर्न शिक्षा शाखालाई निर्देशन दिने साथै सम्बन्धित तहको शिक्षकलाई प्र.अ.को सिफारिस भई नआएका विद्यालयहरुका हकमा अर्को व्यवस्था नभएसम्मका लागि निमित्त प्र.अ.को जिम्मेवारी दिने निर्णय गरियो ।

| सि.नं | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | कैफियत |
|---|---|---|---|
| १. | देउराली प्रा.वि., स्याम्घा, व्यास ६ | गितादेवी वाग्ले खनाल | |
| २. | अमर सिं मा.वि., तनहुँशुर, व्यास ११ | हरिमान श्रेष्ठ | निमित्त प्र.अ. |
| ३. | सितला प्रा.वि., तिवारीभन्ज्याङ, व्यास १३ | गजेन्द्रराज पन्थ | |
| ४. | महेन्द्रज्योति मा.वि., सिसाघाट, व्यास ६ | बुद्धिकुमार श्रेष्ठ | |
| ५. | माहेन्द्री मा.वि., गजौडे, व्यास ९ | अर्जुन अधिकारी | |
| ६. | क्यामिन छापथोक प्रा.वि., व्यास ७ | चन्द्रकला आचार्य | |
| ७. | वि.पि. प्राथमिक विद्यालय, गोल्ला, व्यास १२ | दिलकुमारी वि.क. | |
| ८. | सरस्वती आ.वि., माझफाँट, व्यास ९ | इन्द्रकला आचार्य | निमित्त प्र.अ. |
| ९. | पद्म प्रा.वि., चुंदेर, व्यास ५ | कृष्णबहादुर परियार | |
| १०. | क्यामिन मा.वि., कलेस्ती, व्यास ७ | सन्तोष न्यौपाने | निमित्त प्र.अ. |
| ११. | गुदीफच्याङ आ.वि., गुदी, व्यास १३ | विन्दु थापा मगर | निमित्त प्र.अ. |

| | | | |
|---|---|---|---|
| १२. | जनसेवा प्रा.वि., अमरापुरी, व्यास २ | शारदा थापा अधिकारी | |
| १३. | चण्डिका नि.मा.वि., मुलपानी, व्यास ११ | सुरेन्द्र अधिकारी | निमित्त प्र.अ. |
| १४. | सिद्धवेनी नि.मा.वि., वेलवास, व्यास १३ | सुकबहादुर राना | |
| १५. | इन्दु मा.वि., अम्रेनी, व्यास ६ | रामकाजी श्रेष्ठ | निमित्त प्र.अ. |
| १६. | मदर्शा प्रा.वि., व्यास ४ | सत्तार मिया | |
| १७. | बसाहस्थान मा.वि., व्यास ९ | कृष्णभक्त तिवारी | निमित्त प्र.अ. |
| १८. | बसन्त प्रा.वि., व्यास ११ | सर्मिला पौडेल ओझा | निमित्त प्र.अ. |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका निम्न लिखित माध्यमिक विद्यालयहरुको गुरुयोजना(Master Plan) स्वीकृति गर्ने निर्णय गरियो ।

| सि.नं | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री निर्मल मा.वि. | व्यास १ |
| २ | श्री सत्यवती मा.वि. | व्यास २ |

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा प्रसुती रोग तथा चर्म रोगसँग सम्बन्धित रोगका विशेषज्ञ चिकित्सक/तालिम प्राप्त नर्सिङ्ग कर्मचारीहरुसँग समन्वय गरी यथाशक्य छिटो व्यास नगरपालिका अन्तर्गत वडा नं.७ कलेस्तीमा पाठेघर खसेका महिलाहरुको रिङप्रेसरी राख्ने एवं VIA जाँच सम्बन्धी निशुल्क स्वास्थ्य शिविर संचालन गर्ने, साथै व्यास न.पा. वडा नं.१२ अन्तर्गत भड्खालामा कुष्ठरोग सहितको चर्म रोग सम्बन्धी निशुल्क स्वास्थ्य शिविर संचालन गर्न स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा दमौली अस्पतालमा भर्ना भएका बिरामीहरुलाई निशुल्क खाना खुवाउने सम्झौताको म्याद २०७५ पौषमसान्तमा सकिने हुँदा सर्शत बजेटको सिमा भित्र रही बिरामीलाई निशुल्क खाना उपलव्ध गराउन नियमानुसार खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको बहुउद्देश्यीय भवनको पहिलो तलाको पश्चिमतर्फको उत्तरी र दक्षिण भाग भाडामा लगाउने गरी पटक पटक सूचना गर्दा समेत कुनै व्यक्ति फर्म तथा वित्तीय संस्थाहरुले भवनको उल्लेखित भाग भाडामा लिने गरी बोलपत्र पेश नगरेको हुँदा उक्त स्थानमा यस कार्यालयको भूमी व्यवस्थापन तथा शहरी विकास उप-शाखा र राजश्व उप-शाखालाई पुरानो भवनबाट स्नान्तरण गर्ने साथै बाँकी भागमा सुविधा सम्पन्न **नगर पुस्तकालय केन्द्र** (City Library centre) स्थापना गरी नियमित रुपमा संचालन गर्ने गरी आवश्यकता अनुसार निर्माण व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाबाट मिति २०७५।८।१६ गतेदेखि लागू हुने गरी अनिवार्य अवकास लिएका लोडर हेल्पर प्रेमबहादुर घर्तीलाई स्थानीय स्वायत्त शासन नियमावली २०५६ मा भएको व्यवस्था बमोजिम नै हुने गरी निजले पाउने सेवा सुविधा (उपदान, संचित बिदा, बिरामी बिदा लगायतका अन्य नियमानुसारका सुविधाहरु) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका १४ वटै वडाहरुमा हालै प्रचलित कानून बमोजिमको न्यायिक प्रकृया र मेलमिलाप सम्बन्धी (कानूनी साक्षरता) अभिमुखीकरण कार्यक्रम संचालन गर्ने गरी पेश हुन आएको रु.३,३३,०००। (तीन लाख तेत्तीस हजार) को कार्यक्रम प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा आयोजना गर्ने गरी आवश्यक तयारी गरिएको **विपद व्यवस्थापन सम्बन्धी तालिम** संचालनका लागि अत्यावश्यक रहेका विपद व्यवस्थापनसँग सम्बन्धित सामग्री खरिदका लागि पेश हुन आएको रु.२,४९,०००। (दुई लाख उनान्पचास हजार) को प्रस्ताव स्वीकृत गरियो । साथै अविलम्ब आवश्यक सामग्री खरिद गरी तालिम संचालन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारबाट जिल्ला समन्वय समिति मार्फत जिल्लाको सदरमुकाममा रहेको यस नगरपालिकालाई प्रदान गरिएको रु.१,००,००,०००। (एक करोड) बाट नियमानुसारको योजना कार्यान्वयन सम्बन्धी मापदण्ड एवं कार्यविधि बमोजिम आयोजना संचालन गर्ने गरी यस व्यास न.पा. वडा नं ७ र ८ अन्तर्गत पर्ने कालिका मार्गको स्तरोन्नति आयोजना स्वीकृत गरी दिन जिल्ला समन्वय समिति तनहुँ मार्फत गण्डकी प्रदेश सरकारमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत वहुउद्देश्यीय भवनको केही पसल कवलहरु पटक पटक सूचना प्रकाशित गर्दा समेत कोही व्यक्ति, वित्तीय संस्था एवं व्यपारिक फर्महरुबाट बोलपत्र दर्ता हुन नआएको हुँदा भाडामा जान बाँकी रहेका पसल कवलहरु यस अघि निर्धारण गरिएको न्यूनतम भाडा दरलाई आधारमानी डाँक बढाबढद्वारा प्रतिस्पर्धा गराई भाडामा लगाउन ७ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं १ करङ्गकाठ अन्तर्गत रहेको प्रस्तावित बसपार्क निर्माण स्थलमा बसपार्कको निर्माण कार्य शुरु नहुँदा सम्मका लागि ठेक्कामा लिन पाउँ भनी व्यास नगरपालिका वडा नं.१३ बस्ने तिर्थबहादुर आलेको निवेदन पर्न आएकोमा निजलाई मासिक रु.४५,०००। (अक्षेरुपी पैतालीस हजार रुपैयाँ) कार्यालयमा बुझाउने गरी ठेक्का दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको बहुउद्देश्यीय भवनमा रहेको अण्डर ग्राउण्ड पार्किङ्गमा मासिक रुपमा सवारी साधन पार्किङ्गका लागि सवारी धनीहरुको निवेदन दर्ता हुन आएकोमा कार पार्किङ्ग गरे वापत मासिक रु.३,०००। (अक्षेरुपी तिन हजार रुपैयाँ) र मोटर साइकल तथा स्कुटर पार्किङ्ग गरे वापत मासिक रु.५००। (अक्षेरुपी पाँच सय रुपैयाँ) भाडा निर्धारण गरी सोही अनुसार पार्किङ्गको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिकाका विभिन्न वडाहरुबाट सिफारिस भई आएका निम्न लिखित योजनाहरुका लागि निम्नानुसारको रकम बिनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | वडा नं | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | वेलटारी जामुने डिप बोरिङ | ११ | ३,००,०००। | खानेपानी |
| २ | रानीटारी नेपालटार बोरिङ | ५ | ५,००,०००। | खानेपानी |
| ३ | अम्रेनी खानेपानी निर्माण योजना | १ | ४,२५,०००। | खानेपानी |
| ४ | नन्दी किशोर मन्दिर सत्संग भवन | ११ | ५,००,०००। | विविध |
| ५ | राधा माधव भवन निर्माण | ३ | ५,००,०००। | विविध |
| ६ | बाल-बालिक मनोरन्जन पार्क निर्माण | ५ | ४,५०,०००। | विविध |
| ७ | बुल्दी खोला कजवे निर्माण | १-२ | १५,००,०००। | विविध(साविक बिनियोजित रकममा थप |
| ८ | रानीटारी दुग्ध चिस्यान केन्द्रमा चिलिङ भ्याट खरिद | ५ | १,५०,०००। | कृषि |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अर्न्तगत रहेका विभिन्न आयुर्वेद औषधालय एवं जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका लागि अत्यावश्यक (विभिन्न ६ वटा कार्यक्रम अर्न्तगतका) आयुर्वेदीक औषधीहरु खरिद गर्ने सम्बन्धमा मिति २०७५।८।१९ गते तनहुँ उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गोप्य सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार तोकिएको समयमा दर्ता हुन आएका विभिन्न फर्महरुका सिलबन्दी दरभाउपत्रहरु मध्ये यस नगरपालिका कार्यालयको बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम श्री सिद्धगणेश आयुर्वेद सप्लायर्स बुटवल ८ रुपन्देहीले कबोल गरेको रु.१८,२३,२३०। (अठार लाख तेइस हजार दुई सय तीस रुपैयाँ) अंकको दरभाउपत्र स्वीकृत गरी आयुर्वेदीक औषधीहरु खरिद गर्ने प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालयबाट चालु आर्थिक वर्ष २०७५।०७६ मा कार्यान्वयन हुने गरी तेस्रो नगर सभाबाट स्वीकृत विभिन्न कार्यक्रमहरुको वार्षिक खरिद योजना तयार गर्न गठित खरिद इकाई समितिले तयार गरी पेश हुन आएको आ.व. २०७५।०७६ को वार्षिक खरिद योजनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. कार्यालयको नवनिर्मित बहुउद्देश्यीय भवनको लागि लिफ्ट सहितका विभिन्न विद्युतीय उपकरणहरु संचालनको लागि सहज रुपमा विद्युत आपूर्ती गर्न ट्रान्सफर्मर खरिद गर्ने कार्यको लागि प्राविधिक लागत अनुमान अनुसार खरिद प्रक्रिया अगाडि बढाउने गरी हाललाई रु.२०,००,०००। (बीस लाख) मात्र विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा सडक बोर्ड नेपालको ७० प्रतिशत अनुदान तथा व्यास नगरपालिका कार्यालयको ३० प्रतिशत समपुरक लागत सहभागिता समेतको संयुक्त लगानीमा संचालन हुने योजनाको लागि तेस्रो नगर सभाबाट २०,००,०००। विनियोजन भएकोमा सडक बोर्ड नेपालबाट स्वीकृत कार्यक्रम अर्न्तगत न.पा.को दायित्वमा रु.२५,७२,१४०। बराबरको लागत व्यहोर्नु पर्ने गरी कार्यक्रम स्वीकृत भई आएको हुँदा नपुग हुन आउने रकम रु.५,७२,१४०। मात्र थप गर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा महालेखा परिक्षकको आ.व. २०७३/०७४ को लेखा परिक्षणमा नगरपालिकाका कर्मचारीहरुलाई परिषद् खर्च वापत दिइएको थप सुविधा रु.२०,३९,१८२। कानून सम्मत नदेखिएको भनी वेरुजु लेखिएकोले सो वेरुजु फर्छ्यौट गर्न मिति २०६५ माघ १३ गतेको नगरपालिकाको बैठकको निर्णय नं.११ मा उल्लेख (नगर परिषद संचालन गर्ने काममा खटिने कर्मचारीहरुलाई एक महिना बराबरको तलव रकम उपलव्ध गराउने) निर्णयको प्रतिलिपि संलग्न गरी आ.व. २०७४/०७५ को लेखा परिक्षणको लागि व्यास नगरपालिकामा खटिएको म.ले.प.डोर समक्ष पेश गरी सम्परिक्षणको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०**: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका वडा नं.९ को वडा कार्यालय भवन निर्माण कार्यको लागि जग्गा आवश्यक रहेकोमा सबै वडाबासीहरुलाई पायक पर्ने स्थानमा सार्वजनिक जग्गाको खोजी गरिएकोमा उपयुक्त जग्गा उपलब्ध हुन नसकेको हुनाले सोही वडाकोगजौडे बजार स्थित गजुरे स्वास्थ्य केन्द्रसँग साँध-सिमाना जोडिएका व्यक्तिहरुको कम्तिमा ९ आना क्षेत्रफलसम्मको जग्गा चलन चल्तीको मूल्यमा नबढ्ने गरी खरिद गर्न कानून बमोजिम खरिद प्रक्रिया अगाडि बढाउनका लागि वडा नं.९ को वडा कार्यालयलाई स्थानीय चलन चल्तीको मूल्य मूल्यांकन गरी लेखी पठाउन पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१**: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका वडा नं.१ को भवन निर्माणको लागि आवश्यक रहेको सबैलाई पायक पर्ने स्थानको उपयुक्त सार्वजनिक जग्गाखोजी गरी स्थानीय स्तरको सहमतिमा भवन निर्माण गर्ने उद्देश्यका साथ हालसम्म जग्गा खोजी गर्ने कार्य गरिएकोमा त्यस्तो प्रकृतिको जग्गा उपलब्ध हुन नसकेको हुँदा पूर्व धुपखोला, पश्चिम मदन पण्डित र मिनबहादुरको घरको बिचको ठाडो बाटो, उत्तर जंगल, दक्षिण मत्स्य मार्ग, यति चार किल्ला भित्र छाब्दी मार्गको मोहोडामा पर्ने कम्तिमा ७ आना क्षेत्रफलसम्मको जग्गा चलन चल्तीको मूल्यमा नबढ्ने गरी खरिद गर्न कानून बमोजिम खरिद प्रकिया अगाडि बढाउनका लागि वडा नं.१ को वडा कार्यालयलाई स्थानीय चलन चल्तीको मूल्य मूल्यांकन गरी लेखी पठाउन पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको भूमी व्यवस्थापन समितिबाट प्राप्त मिति २०७५/८/७ को प्रतिवेदन समेतलाई आधारमानी आगामी २०७५ माघ १ गतेदेखि लागू हुने गरी, यसअघि लिइदै आइएको घर नक्शापास दस्तुरमा संशोधन सहित घटाई आर.सि.सि. फ्रेमस्ट्रक्चरका घरहरुको हकमा नक्सापास क्षेत्र (क) मा निर्माण हुने घर तथा भवनहरुको नक्सापास दस्तुर प्रति स्क्वायर फुट रु. १४।५०, (ख) क्षेत्रमा निर्माण हुने घर तथा भवनहरुको नक्सापास दस्तुर रु.१२।५०, (ग) क्षेत्रमा निर्माण हुने घर तथा भवनहरुको नक्सापास दस्तुर रु.१०।५० एवं लोडवेरिङ घरहरुको हकमा नक्सापास क्षेत्र (क) मा निर्माण हुने घर तथा भवनहरुको नक्सापास दस्तुर प्रति स्क्वायर फुट रु.९।५०, (ख) क्षेत्रमा निर्माण हुने घर तथा भवनहरुको नक्सापास दस्तुर रु.८।५०, (ग) क्षेत्रमा निर्माण हुने घर तथा भवनहरुको नक्सापास दस्तुर रु.७।५० कायम गर्ने र नगरपालिकाबाट नक्शा पास गरी घर तथा भवन निर्माण गर्ने व्यक्ति तथा संघ संस्थाहरुले आफ्नो घर तथा भवनको (Supervision) का लागि निजहरुले नै इच्छ्याएको कन्सल्टेन्टलाई सुपरभिजन गर्ने कार्यको जिम्मा दिने साथै सो वापत आर.सि.सि. फ्रेमस्ट्रक्चरका घरहरुको हकमा कन्सल्टेन्टहरुले यस नगरपालिकाद्वारा निर्धारित नक्शापास क्षेत्र (क) भित्रका घर तथा भवनहरुको सुपरभिजन गर्दा पहिलो तलाको रु.८ हजार र त्यसपछि माथिल्लो तलाहरुको प्रति तला रु.४ हजार, नक्सापास क्षेत्र (ख) भित्रका घर तथा भवनहरुको सुपरभिजन गर्दा पहिलो तलाको रु.७ हजार र त्यसपछि माथिल्लो तलाहरुको प्रति तला रु.३ हजार र नक्सापास क्षेत्र (ग) भित्रका घर तथा भवनहरुको सुपरभिजन गर्दा पहिलो तला रु.५ हजार माथिल्लो तलाहरुको प्रति तला रु.३ हजार र लोडवेरिङ घरको हकमा सबै क्षेत्रमा निर्माण हुने एक तले जस्तापातावाला घर तथा भवनको एकमुष्ठ रु.३ हजारका दरले सुपरभिजन दस्तुर लिन पाउने तथा कन्सल्टेन्सीहरुले व्यक्ति तथा संघ संस्थाहरुको घर तथा भवनको नक्शा निर्माण तथा सो सम्बन्धी अन्य सम्पूर्ण कार्यहरु गरे वापत (एकमुष्ठ) लिपन्थ एरियालाई आधारमानी प्रति वर्गफुट बढीमा रु.१०। रुपैयाँ मात्र दस्तुर लिन पाउने गरी दर निर्धारण गरियो । साथै नक्शापास तथा भवन नियमन प्रकृयालाई वैज्ञानिक सहज एवं शुलभ र विश्वसनीय गराउने उद्देश्यले नगरपालिकाद्वारा लागू गरिएको भवन निर्माण सम्बन्धी नियमको पूर्ण रुपमा पालना गरी नक्शापास भए बमोजिम नै घर निर्माण गर्ने घरधनीहरु, निर्माण व्यवसायी एवं स्थानीय कन्सल्टेन्सीहरुलाई प्रोहोत्सान स्वरुप पुरस्कृत गर्ने तथा यससँग सम्बन्धित सरोकारवाहरुलाई लक्षित गरी दक्षता अभिवृद्धि सम्बन्धी तालिमहरु समेत संचालन गर्ने परम्पराको थालनी गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा घर नक्सापासको सुपरभिजन गर्ने कार्यका लागि जिम्मेवारी लिने कन्सल्टेन्सीले प्रभावकारी रुपमा सुपरभिजन गरेको नपाइएको खण्डमा वा सुपरभिजनमा लापरर्वाही गरेको खण्डमा पहिलो पटक त्यस्तो गल्ती गरेमा सामान्य नसियत सहित सुपरभिजन गर्ने कार्यको लागि लिएको रकम घरधनीलाई फिर्ता गर्न लगाउने, दोस्रो पटक पनि त्यस्तो गल्ती गरेमा तीन महिनासम्मको अवधिलाई यस व्यास नगरपालिकाको घरनक्सा लगायत अन्य सम्पूर्ण कामकाजमा बन्देज लगाउने साथै तेस्रो पटक पनि त्यस्तो गल्ती गरेको खण्डमा १ वर्षसम्म व्यास नगरपालिकाको घर नक्सा लगायत अन्य सम्पूर्ण कामकाजमा बन्देज लगाउने र त्यसो गर्दा पनि पुन: गल्ती गरेमा कालो सूचीमा राखी पूर्ण रुपमा व्यास नगरपालिकाको घर नक्सा लगायत अन्य सम्पूर्ण कामकाजमा बन्देज लगाउने निर्णय गरियो

। साथै यस नगरपालिकाले स्थापनाकालदेखि हालसम्म लागू गरेका घर नक्सापास सम्बन्धी नीति, नियम तथा मापदण्डहरु र त्यसमा समयसमयमा भएका संशोधन समेतलाई एकीकृत गरी व्यास नगरपालिकाको घर नक्सापास सम्बन्धी नीति, नियम तथा मापदण्ड विषयक अभिलेख पुस्तिका तयार गर्ने कार्यका लागि भूमि, न्याय तथा भवन नियमन उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।